मिर्चैया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मधेश प्रदेश

**मिति २०८०/०३/1 गते बसेको ५९ औ नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः**

मिति २०८०/०३/1 गते गतेका दिन यस मिर्चैया नगरपालिकाको नगर प्रमुख श्री श्रवण कुमार यादवज्यूको अध्यक्षता तथा नगर कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितीमा वैठक बसी तपसिल वमोजिमको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| १.नगर प्रमुख | श्री श्रवण कुमार यादव | -अध्यक्ष |
| २. नगर उप प्रमुख | श्री जिबछी देवी साह | -सदस्य |
| ३.वडा अध्यक्ष वडा नं.१ | श्री रुपेश कुमार महतो | -सदस्य |
| ४.वडा अध्यक्ष वडा नं.२ | श्री हरिराम श्रेष्ठ | -सदस्य |
| ५.वडा अध्यक्ष वडा नं.३ | श्री पबित्रि देवी यादव | -सदस्य |
| ६.वडा अध्यक्ष वडा नं.४ | श्री दिलिप कुमार सिंह | -सदस्य |
| ७.वडा अध्यक्ष वडा नं.५ | श्री प्रदिप कुमार साह | -सदस्य |
| ८.वडा अध्यक्ष वडा नं.६ | श्री राम प्रकाश महासेठ | -सदस्य |
| ९.वडा अध्यक्ष वडा नं.७ | श्री राम दयाल ठाकुर बरही | -सदस्य |
| १०.वडा अध्यक्ष वडा नं.८ | श्री बिरेश्वर यादव | -सदस्य |
| ११.वडा अध्यक्ष वडा नं.९ | श्री दिनेश कुमार मण्डल | -सदस्य |
| १२.वडा अध्यक्ष वडा नं.१० | श्री संजय कुमार साह | -सदस्य |
| १३.वडा अध्यक्ष वडा नं.११ | श्री चन्द्रदिप कुमार यादव | -सदस्य |
| १४.वडा अध्यक्ष वडा नं.१२ | श्री मनेलाल यादव | -सदस्य |
| १५.कार्यपालिका सदस्य | श्री विनोद प्रसाद महतो | -सदस्य |
| १६. कार्यपालिका सदस्य | श्री रामवृक्ष महरा | -सदस्य |
| १७.कार्यपालिका सदस्य | श्री दिपेश कुमार सिंह | -सदस्य |

| | | |
|---|---|---|
| १८.महिला कार्यपालिका सदस्य | श्री जरिना खातुन | -सदस्य |
| १९.महिला कार्यपालिका सदस्य | श्री अनिता देवी कापैर | -सदस्य |
| २०.महिला कार्यपालिका सदस्य | श्री आशा कुमारी यादव | -सदस्य |
| २१.महिला कार्यपालिका सदस्य | श्री निर्मला विश्वकर्मा | -सदस्य |
| २२.महिला कार्यपालिका सदस्य | श्री नरघिमा लामा | -सदस्य |
| २३.नि.प्रमुख प्रशासकीय अधिकृत | श्री विजय कुमार महतो | -सचिब |

**प्रस्ताब न. १. राजश्व परामर्श समितिको निर्णय सम्बन्धमा ।**

निर्णय

मिर्चैया नगरपालिकाले राजस्व परामर्श समितिको मिति २०५० जेष्ठ ३० गते बसेको वैठकवाट भएको ३ वटा निर्णयको जानकारी बैठकमा जानकारी गराइयो । सो अनुसार समितिवाट भएको निर्णय मिर्चैया नगरपालिकाको नगरसभाको ११ औ अधिवेशन स्वीकृतिको लागि सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताब न. २.व्यवसाय कर सम्बन्धमा ।**

निर्णय

मिर्चैया नगरपालिका भित्रको ब्यबशायीहरुले व्यवसाय दर्ता गरेको वा नगरेको अनुगमन गरी व्यवसाय दर्ता वा नविकरण नगराएको व्यवसायीहरुलाई व्यवसाय दर्ता र नविकरण गराउन आग्रह गर्ने साथै व्यवसायकर दर्ता र नविकरण नगराएको व्यवसायिहरुलाई व्यवसाय दर्ता र कर चुका नगरिदिन हुन् भनि घरेलु तथा साना उद्योग कार्यालय लहान र आन्तरिक राजश्व कार्यालाय लहानलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताब न. ३. नीति कार्यक्रममा समेट्नु पर्ने मुख्य विषयहरुको सम्बन्धमा ।**

निर्णय

मिर्चैया नगरपालिकाको नगरसभाको ११औ अधिवेशनमा नगरपालिकाको आर्थिक, सामाजिक लगायत समसामायिक विषयमा समेटनुपर्ने विभिन्न विषयहरुका सम्बन्धमा कार्यपालिका सदस्यहरुवाट उठाइएको शिक्षा, स्वास्थ्य, सामाजिक सुधारका विषयमा आ.ब.२०८०/०८१ को नीति कार्यक्रममा समावेश गर्ने र सो अनुरुप कार्यान्वयनमा गर्दै लैजाने निर्णय गरियो ।

**प्रस्ताब न. ४. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा ।**

निर्णय

मिचैया नगरपालिकाको नगर सभाको ११औ आधेवेशनमा बजेट तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतिको लागि पेश गर्दै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ अनुसार गठन भएको श्रोत भनुमान तथा वजेट सिमा निर्धाण समितिको मिति २०८० जेष्ठ २१ गते वसेको बैठकले आ.व.२०८०/०८१ को लागि प्रस्ताव गरेको शिर्षकगत खर्चको विवरण आजको बैठकमा प्रस्तुत भयो र सो  अनुसार आगामी आ.ब. को बजेट सिमा निर्धारण गरी कार्यक्रम तर्जुमा गरी नगरसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो।

**प्रस्ताब न. ५. वडा स्तरीय योजनाको लागि न्यूनतम वजेट सिलिङ, कायम गर्ने सम्बन्धमा ।**

निर्णय

आ.ब.२०८०/०८१  को. वडा स्तरिय योजना तर्जुमाको लागि यस नगरपालिकाको सबै १२ वटै वडाहरूको लागि देहाय वमोजिम न्यूनतम बजेट सिलिंग कायम गर्ने निर्णय गरियों:

तपसिल

प्रत्येक वडाको विकास बजेट रु  ४५०००००/- (पैतालिस लाख)

चालु खर्च प्रति वडाको लागि रु ३००००० (तिन लाख)

प्रति वडाको लागि जम्मा रु  ४८०००००/-(अड्चालिस लाख)

**प्रस्ताब न. ६. वडा स्तरीय योजना तर्जुमा बैठक राख्ने सम्बन्धमा ।**

निर्णय

आगामी आ.ब. २०८०/०८१ को बजेट तथा कार्यक्रम तर्जुमाको लागि वडालाई तोकेको विकास बजेटको सिलिङ  भित्र रही वडा तहमा, वस्तीस्तरमा बैठक राखी जनस्तरबाट माग भएको योजनाहरु वडा समितिको बैठकबाट प्राथमिकता निर्धारण गरि यही २०८० साल असार ५ गते भित्र नगरपालिकामा पेश गर्ने गराउने निर्णय गरियो।

**प्रस्ताब न. ७ वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक तोक्ने सम्बन्धमा ।**

निर्णय

वातावरण तथा विषद् व्यवस्थापन समितिको संयोजक श्री रामवृक्ष महराको मिति २०८०साल  वैशाख १२ गते निधन भएको कारण रिक्त  भएको संयोजक पदमा यस नगर कार्यपालिकाका सदस्य मध्येवाट श्री राम प्रकाश महासेठलाई संयोजक तोक्ने र समितिका अन्य सदस्यहरु यथावत कायम राख्ने निर्णय गरियो।

**प्रस्ताब न. ८.नगर अधिवेशनको मिति तोक्ने सम्बन्धमा ।**

निर्णय

मिचैया नगरपालिकाको १० औ अधिवेशन यहि मिति २०८०/३/१० गतेबाट बैठक सुरु गर्ने गरी नगर सभा आहवान गर्ने निर्णय गरियो । अधिवेशनको समय, स्थान र छलफलका विषय सूचना मार्फत सदस्यहरुलाई जानकारी गराउने निर्णय गरियो ।